# शर्त तथा कबुलियतहरु - सवारी कर्जा

यी साधारण शर्त तथा कबुलियतहरु स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड (यसपछि "बैंक" भनिएको) को सवारी कर्जा योजना अन्तर्गत बैंकले उपलब्ध गराएको कुनै पनि कर्जाको हकमा लागू हुनेछन्। बैंकबाट सवारी कर्जा उपयोग गर्ने प्रत्येक ग्राहक यी साधारण शर्त तथा कबुलियतहरुबाट अनुवन्धित हुनेछन्।

१. यी साधारण शर्त तथा कबुलियतहरुको प्रयोजनको लागि, "ग्राहक" भन्नाले बैंकबाट सवारी कर्जा लिनको लागि आवेदन दिने आवेदक सम्झनु पर्दछ, "आवेदन फारम" भन्नाले बैंकको सवारी कर्जा योजना अन्तर्गत प्रयोग गरिएको आवेदन फारम सम्झनु पर्दछ र "कारोबार गर्ने दिन" भन्नाले कारोबार गर्नको लागि बैंक खुला रहने दिन सम्झनु पर्दछ।

२. कर्जा उपलब्ध गराउने, नगराउने विषय बैंकको एकल स्वविवेकको कुरा हो।

३. ग्राहकले निम्नलिखित कागजातहरु उपलब्ध गराएमा कर्जा उपलब्ध गराउन सकिनेछ :

(क) ग्राहकले रीत पूर्वक भरेको आवेदन फारम।

(ख) आय खुलाइएका कागजातहरु।

(ग) नयाँ सवारी साधनको हकमा, डिलरबाट जारी भएको सवारी साधनको दरभाउपत्र वा प्रयोग भएको सवारी साधनको हकमा, खरिदकर्जा र विक्रेता बिचको सम्झौता।

(घ) प्रयोग भएका सवारी साधनको हकमा दुई जना स्वतन्त्र बैंकका सूचीकृत मूल्याङ्कनकर्ताहरुले दिएको मूल्याङ्कन प्रतिवेदन।

(ङ) बैंकले आवश्यक देखी मागेको अन्य जानकारी/कागजात।

४. ग्राहकलाई निकासा दिएको कर्जाको सवारी साधनको डिलर/विक्रेतालाई सिधै दिइनेछ। तर प्रयोगमा रहेको सवारी साधन वापतको पुनःकर्जाको हकमा, त्यस्तो कर्जा निकासा दिएको सूचना बैंकले ग्राहकलाई दिएको मितिदेखि ग्राहकले स्वीकृत रकम उपयोग गर्न पाउने छ। ऋण निकासा भैसकेपछि बैंकले ग्राहकसंग सम्पर्क गर्न नसकेमा सो सवारी साधन बैंकको नाममा दर्ता भएपछि सवारी सम्बन्धित डिलर/विक्रेतालाई बैंकले भुक्तानी दिनेछ। ग्राहकले आवेदन दिएको मितिले सात दिन भित्र कर्जाको स्थितीको बारेमा जानकारी लिन बैंकसंग सम्पर्क गर्नु पर्दछ।

५. ग्राहकले आफ्नो नाममा बैंकमा चल्ति/वचत खाता (त्यस्ता खाताका सम्बन्धमा लागू हुने शर्त र कबुलियतहरुको अधिनमा रहि) खोल्ने छ। ग्राहकले कर्जा र ब्याज तथा तत्सम्बन्धमा भुक्तानीयोग्य अन्य रकमहरुको पूर्ण रुपमा भुक्तानी र फरफारक नगरेसम्म त्यस्तो खाता कायम राख्ने छ। बैंकले ब्याज, दस्तुर, शुल्क र अन्य खर्चहरु लगायत सो कर्जा अन्तर्गत वा सो कर्जाका सम्बन्धमा भुक्तानीयोग्य सम्पूर्ण रकम ग्राहकको त्यस्तो खाता वा अन्य कुनै खाताबाट खर्च (डेबिट) गर्नसक्ने छ। कर्जा सम्बन्धी उपयुक्त खाताको अतिरिक्त कर्जाको प्रयोजनको लागि आफ्नो एकल स्वविवेकमा बैंकले थप खाताहरु पनि खोलि कायम राख्न सक्ने छ। यस्ता थप खाताहरुमा कर्जाको सम्बन्धमा ग्राहकले भुक्तानी दिएको/भुक्तानी दिन बाँकी वक्यौता प्रशासन र अभिलेख गर्ने प्रयोजनका लागि, विगतको वक्यौता खाता, कर्जा खाता र असुलउपर नभएको ब्याज खातामा रहेको कुल (combined) मौज्दातले सबै लक्षित प्रयोजनहरुको लागि कर्जाका सम्बन्धमा समय समयमा रहेको ग्राहकको बैंक प्रतिको दायित्व वास्तविक ढंगले प्रतिबिम्बित गर्ने छ र सो मौज्दात त्यास्तो दायित्वको बाध्यात्मक कथन हुनेछ।

६. ग्राहकले बैंकमा खोलेको चल्ति/वचत खातामा रकम उपलब्ध भएको वा नभएको जे भए तापनि मन्जुर गरिएको भुक्तानी मितिमा मन्जुर गरिएको कर्जाको किस्ता रकम कर्जा खातामा जम्मा (क्रेडिट) गरिने छ, वक्यौता रकमको हकमा खातामा उपलब्ध मौज्दात रकम बराबरको रकम चल्ति/वचत खातामा डेबिट छ र फरक रकम विगतको वक्यौता खातामा डेबिट गरिने छ।

७. भुक्तानी मिति पछि रकम उपलब्ध भएमा र विगतका वक्यौता खातामा डेबिट मौज्दात रहेमा, विगतका वक्यौता खाताको डेबिट मौज्दात शून्यकरण गर्न उपलब्ध रकमो उपयोग गरिनेछ।

८. ग्राहकले बैंकसँग सहमति भएको र आवेदन फारममा बैकले उल्लेख गरेको दरले कर्जाको ब्याज र शुल्क बुझाउनु पर्नेछ। ब्याजको दरमा सूचना नदिई कुनै परिवर्तन गर्न सकिने र बैंकले एकल स्वविवेकमा उल्लिखित ब्याजको दर परिवर्तन गर्न सक्ने र ग्राहकको विगतको वक्यौता रकम (भाखा नाघेको रकम) मा कर्जामा लागु भइरहेको ब्याज दर भन्दा २ प्रतिशत बिन्दु बढिले हर्जाना ब्याज समेत लगाउन सक्ने कुरा ग्राहकले स्वीकार गर्दछ।

९. नेपाल सरकारले समय समयमा कानून परिवर्तन गरी कानून बमोजिम लाग्ने कुनै पनि शुल्कमा हेरफेर गरेको अवस्थामा त्यस्तो हेरफेरलाई आधार मानी कर्जाको किस्ता रकममा हेरफेर गर्नसक्ने अधिकार बैंकमा निहित छ। त्यास्तो हेरफेरको जानकारी आवेदकलाई दिइने छ।

१०. बैंकले आवेदन फारममा उल्लेख गरे बमोजिमका किस्ताहरुमा ग्राहकले कर्जाको भुक्तानी गर्ने छ र कर्जाको सम्बन्धमा बैंकको नियमित व्यावसायको सिलसिलामा सबै शुल्क, चार्ज र अन्य खर्चहरु पनि बैंकलाई तिर्ने, बुझाउने छ। ग्राहकले बैंकबाट प्रवाह गरिएको यो कर्जा वा अन्य कुनै पनि कर्जाको अंग्रीम भुक्तानी दिन चाहेमा, ग्राहकले त्यस्तो भुक्तानीका सम्बन्धमा बैंकले तोकेको वा लगाए बमोजिमको प्रतिबद्धता शुल्क समेत बुझाउन पर्नेछ।

११. यस लिखतमा वा उल्लिखित आवेदन फारममा किस्तावन्दीका कर्जाको भुक्तानीका सम्बन्धमा जुनसुकै कुरा लेखिएको भए तापनि, बैंकले कुनै पनि समयमा आफ्नो एकल स्वविवेकमा सोको कुनै कारण नखोली तत्काल वक्यौता रहेको कर्जाको बाँकी रकम तुरुन्त भुक्तानी गर्न माग गर्न सक्नेछ र त्यस्तो माग भएकोमा ग्राहकले बैंकलाई त्यस्तो बाँकी रकम तथा ब्याज एवं सो कर्जाको सम्बन्धमा ग्राहकले बैंकलाई तिर्नु बुझाउनु पर्ने सबै शुल्क, दस्तुर तथा अन्य खर्चहरु तुरुन्तै बैंकलाई चुक्ता गर्नु पर्दछ।

१२. चल्ति/वचत खातामा डिपोजिट गरिएको कुनै पनि रकम विगतको वक्यौता खातामा दाखिला गर्न बाँकी सबै वक्यौता किस्ताहरुको आंशिक/पूर्ण रुपमा फरफारक गर्नको लागि उपयोग गरिने छ।

१३. बैंकको विवरण र अभिलेख ग्राहकहरुको लागि बन्धनकारी हुनेछ र सबै प्रयोजनको लागि कर्जाको आधिकारिक प्रमाण हुनेछ।

१४. ग्राहकले कर्जासँग सम्बन्धित वा तत्सम्बन्धी सबै शुल्क, दस्तुर र खर्चहरु एवं आय टिकट दस्तुर समेत व्यहोर्ने र तिर्ने, बुझाउने छ।

१५. यी साधारण शर्त तथा कबुलियतहरु, धितो बन्धकी लिखत वा अन्य कुनै साधारण शर्त तथा अनुबन्ध वा लिखत अन्तर्गत कुनै उल्लंघन भएकोमा

बैंकले प्रयोग वा उपयोग नगरेको वा त्यसरी प्रयोग वा उपयोग गर्न ढिलाई भएको कुराले बैंकको त्यस्तो अधिकार, हक वा उपचारमा प्रतिकुल प्रभाव पार्ने छैन नत यस्तो कुरालाई सोको परित्याग गरेको वा त्यस्तो शर्तको उल्लंघनलाई अप्रत्यक्ष रुपले स्वीकार गरेको भनी व्याख्या नै गरिने छ । साथै, यस्तो कुराले यस कर्जा वा अन्य कुनै कर्जा अन्तर्गत कुनै शर्तको उल्लंघनको सम्बन्धमा बैंकको अधिकार, हक वा उपचारमा प्रभाव पार्ने वा अवरोध पुराउने छैन ।

१६.बैंकले आफ्नो एकल स्वविवेकमा कुनै पनि समयमा यी साधारण शर्त तथा कबुलियतहरुमा संशोधन वा हेरफेर गर्न सक्ने छ, र त्यसरी गरिएको संशोधन वा हेरफेरको सूचना ग्राहकलाई दिनेछ ।

१७.कुनै पनि समयमा यी साधारण शर्त तथा कबुलियतहरुको कुनै व्यावस्था गैरकानूनी, अमान्य वा कार्यान्वियन अयोग्य भएमा त्यसले अरु प्रावधानहरुलाई प्रभाव पार्ने छैन ।

१८.यस कर्जाको सम्बन्धमा बैंकले दिने कुनै पनि दाविको पुर्जि, म्याद वा सूचना लिखित रुपमा दिइने र ग्राहकले उपलब्ध गराउने पछिल्लो ठेगानामा सम्बोधन गरी पाइने छ । त्यस्तो पूर्जि, म्याद वा सूचना हुलाकबाट/कुरियरबाट पठाएको मितिमा ग्राहकको नाममा तामेल भएको मानिनेछ । ब्याजदर परिवर्तनको सूचना स्थानीय पत्रपत्रिकामा र/वा बैंकको परिसरमा सोको सूचना प्रकाशन गरेर पनि दिन सकिने छ ।

१९.यी साधारण शर्त तथा कबुलियतहरुको हकमा नेपालको कानून लागू हुनेछ र नेपालको कानून अनुसार यी शर्त तथा कबुलियतहरुको व्याख्या गरिनेछ । ग्राहक र बैंक दुबैले नेपालका अदालतको पूर्ण क्षेत्राधिकार अन्तर्गत अपरिवर्तनीय किसिमले आफुहरुलाई समर्पण गरेका छन् । तर यस्ले ग्राहक विरुद्ध अन्य कुनै पनि क्षेत्राधिकारमा कानूनी कारवाही चलाउन पाउने बैंकको अधिकारलाई प्रतिकुल असर पार्ने छैन ।

२०.निकासा भएको कर्जाको रकम, ब्याजदर, अवधि र किस्ता रकम मूल आवेदन फारममा उल्लेख भएको भन्दा फरक हुन पनि सक्दछन् । यस्तो अवस्थामा बैंकले ग्राहकलाई परिवर्तन भएको कर्जाको रकम, ब्याजदर, किस्ता रकम र/वा कर्जाको अवधि उल्लेख भएका थप लिखतहरुमा सही गर्न ग्राहकलाई अनुरोध गर्नेछ ।

२१.ग्राहकले आफ्नो तोकिएको फछ्र्यौट खातामा अन्तिम मितिमा मासिक किस्ता Remit गर्न मन्जुर गर्दछ । बैंकले ग्राहकलाई पत्र पठाई स्वीकृत सुविधाको रकम, मासिक किस्त, सोको प्रारम्भ र अन्तिम मितिको जानकारी ग्राहकको तोकिएको ठेगानामा पठाइने छ र सो पत्र सवारी कर्जा आवेदनको अभिन्न अंग हुनेछ ।

२२.कर्जाको सम्बन्धमा आवेदन दिएको मितिले सात दिनभित्र ग्राहकले बैंकबाट कुनै पनि जानकारी प्राप्त नगरेमा ग्राहकले सवारी कर्जा व्यावसाय विकास प्रबन्धक वा शाखा प्रबन्धकसँग सम्पर्क गर्नु पर्दछ । आवेदन दिएको मितिले सात दिनभित्र कुनै पनि जानकारी प्राप्त नगरेको भनि ग्राहकले बैंकलाई जानकारी नदिएको अवस्थामा ग्राहकले कर्जा सम्बन्धी सम्पूर्ण जानकारी प्राप्त गरेको भनि बैंकले बुझ्नेछ ।

२३. बैंकले बैंकमा रहेको ग्राहकको पछिल्लो ठेगानामा सबै पत्रहरु पठाउने छ । आफ्नो ठेगानामा कुनै परिवर्तन भएमा सोको जानकारी बैंकलाई दिने दायित्व ग्राहकको हुनेछ ।

२४.हाल ऋणीले प्रयोग गरिरहेको वा भविष्यमा प्रयोग गर्ने मोवाइल टेलिफोनबाट उपलब्ध संक्षिप्त सन्देश सेवा (SMS) को माध्यमबाट ऋणीले मागेको जानकारी वा सूचना उपलब्ध गराउने निशर्त अख्तियारी ऋणीले निशर्त रुपमा यसै लिखतद्वारा बैंकलाई दिएको छ । बैंकले आवश्यक देखेको वखत ऋणीको मोवाइल फोनमा संक्षिप्त सन्देश सेवा मार्फत ताकेता र फलोअफ पठाउनसक्ने अख्तियारी पनि ऋणीले बैंकलाई दिएको छ । आफ्नो मोवाइल नम्बरको जानकारी दिने दायित्व ऋणीको भएकोले उनीहरुको मोवाइल नम्बर सम्बन्धी उनीहरुले दिएको मौखिक जानकारी बैंकले मोवाइल मार्फत संक्षिप्त सन्देश सेवा पठाउन वा प्राप्त गर्न पर्याप्त आधार हुने कुरा ऋणीले पूर्ण रुपले स्वीकार गर्न मन्जुर गर्दछ ।

२५.कर्जा उपलब्ध गराइने सवारी साधन स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको नाममा उपयुक्त सरकारी निकायमा दर्ता गराउन ग्राहक मन्जुर भई स्वीकार गर्दछ । साथै, कर्जा वक्यौता रहेसम्म स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको नाममा सो सवारी साधनको बीमा गराउन पनि ग्राहक मन्जुर गर्दछ ।

ऋणीको स्वामित्वमा र ऋणीसँग रहेका र विभिन्न कर्जा सुविधा पत्र(हरु) अन्तर्गत बैंकबाट लिईएका अन्य कर्जा सुविधा र/वा कर्जा सुरक्षण गर्न दिईएका अन्य कुनै पनि सम्पत्ति वा जायजेथा समेतलाई यस कर्जा आवेदन अन्तर्गत ऋणीले लिएको कर्जा सुविधा र/वा कर्जाको लागि सुरक्षणको रुपमा दिईएको मानिने र सोही अनुरुप व्याख्या गरिने कुरा ऋणीले मन्जुर गर्दछ । भाखा भित्र कर्जाको शर्त उल्लंघन गरेको (Default) को अवस्थामा, बैंकले त्यस्ता अन्य सुरक्षण वा सोको बाँकी अंशबाट यस कर्जा आवेदन अन्तर्गत ऋणीले उपयोग गरेको कर्जा सुविधा र/वा कर्ज पूर्ण रुपले असुलउपर गर्ने अधिकार बैंकमा निहित रहेको कुरा समेत ऋणीले मन्जुर गर्दछ ।

२६. तोकिए बमोजिमको दरले कर्जा सुविधामा लागेको ब्याजको हिसाब गरिनेछ र अन्यथा नतोकिएसम्म मासिक अन्तरालमा वक्यौता (दैनिक वक्यौता डेबिट मौज्दात) मा ब्याज लाग्दै जानेछ । कुनै पनि समयमा बैंकले निर्धारण गरेको अन्य ब्याजदरमा ब्याज लगाउने अधिकार बैंकमा निहित हुनेछ । तर जुन शर्त तथा कबुलियतहरु अन्तर्गत कर्जा सुविधा उपलब्ध गराइएको हो त्यस्तो कुनै शर्त तथा कबुलियतहरु परिपालना नगरेको अवस्थामा वा सो कर्जा सुविधा अन्तर्गत झिकिएको रकम कुनै पनि समयमा सो कर्जा सुविधा अन्तर्गत तोकिएको सीमा भन्दा बढी भएमा (विशेष परिस्थितिमा बैंकले एकल स्वविवेकमा त्यसरी रकम झिक्न अनुमति दिएको जे भए तापनि) कुनै पनि सूचना नदिई (सूचना दिनु पर्ने आवश्यकता परित्याग गरिएको मानिने) खातामा ब्याज चार्ज गरिनेछ । त्यस्तो ब्याजको दर कर्जामा लागु हुने ब्याजदर भन्दा २ प्रतिशत बिन्दुले बढि वा समय समयमा बैंकले निर्धारण गरे बमोजिम हुनेछ ।

२७. जुन कर्जा सुविधाको सम्बन्धमा विशेष व्यावस्था गरिएको छ त्यस्तो कर्जा सुविधाको हकमा बाहेक, बैंकलाई तिर्नु बुझाउनु पर्ने सबै रकम माग भएका बखत तिर्नु बुझाउनु पर्नेछ ।

२८. कर्जा सुविधा अन्त्य नभएसम्म वा कुनै रकम वा प्रतिबद्धता बाँकी वाक्यौता रहेसम्म, ग्राहकले बैंकसँग देहाय बमोजिमको अनुबन्ध गरेको छ :

(क) उपलब्ध गराएको कर्जा पुनरावलोकन गर्ने उद्देश्यले बैंकले मुनासिक रुपले माग गरेका ग्राहकको स्थिति सम्बन्धी वित्तीय वा अन्य जानकारी बैंक समक्ष पेश गर्ने ।

(ख) समय समयमा भएको संशोधन समेत प्रचलित कानून सदैव पालना गर्ने र कर्जा सुविधाको हकमा नेपाल कानून लागू हुने, कर्जा सुविधाको व्याख्या नेपाल कानून अनुसार गरिने कुरामा तथा नेपालका अदालतको पूर्ण क्षेत्राधिकार अन्तर्गत समपर्ण गर्न सहमत हुने ।

(ग) सवारी साधनलाई राम्रो र संचालनयोग्य अवस्थामा राख्ने र सबै हराएका, क्षति पुगेका वा टुटेफुटेका पार्टपुर्जाहरुको सट्टामा समान गुणस्तर र मूल्यका पार्टपुर्जाहरु राख्ने, र सबै मुनासिव समयमा बैंक र/वा बैंकका अधिकारप्राप्त प्रतिनिधिलाई सोको निरीक्षण र जाँच गर्न अनुमति दिने ।

(घ) सवारी साधन र पार्टपुर्जाहरु ग्राहकको आफ्नै जिम्मामा राख्ने र बैंकको पूर्व लिखित सहमति नलिइ दर्ता संख्या/दर्ता गरिएको ठेगाना परिवर्तन नगर्ने र कुनै पनि तरीकाले सो सवारी साधन विक्रि वा सट्टापट्टा वा बेच बिखन नगर्ने ।

(ङ) सो सवारी साधनको अवस्थिति एकिन गर्दा र सवारी साधन तत्काल कब्जामा राखेको कुनै व्यक्तिबाट सो कब्जा आफूले लिदा लागेको सम्पूर्ण शुल्क, दस्तुर र खर्च माग भएका वखत बैंकलाई भुक्तानी दिने ।

(च) सवारी साधनको सम्बन्धमा उत्पन्न हुनसक्ने कुनै पनि कानूनी कारवाई गरिएको अवस्थामा ग्राहकले नेपालका अदालतहरुमा आवश्यक कानूनी प्रतिनिधित्व गरेको सुनिश्चित गर्ने । कुनै वा सबै कानूनी कारवाहीको लागि ग्राहक एक्लै जिम्मेवार हुनेछ र कानून व्यावसायी नियुक्त गर्न र तत्सम्बन्धमा लागेको सबै खर्च, शुल्क र दस्तुर तिर्ने, बुझाउने जिम्मेवारी पनि ग्राहककै हुनेछ ।

(छ) यस सम्झौताबाट समेटिएको सवारी साधनलाई कुनै मालसामान चोरी निकासी पैठारी गर्न ढुवानी गर्ने वा चोरी निकासी पैठारीमा सामान जुकाउने प्रयोजनका लागि प्रयोग, परिवर्तन वा जडान गरिएका चोरीका सामान वा निषेधित मालसामान ढुवानी गर्ने साधनको रुपमा वा अन्य कुनै गैरकानूनी प्रयोजनका लागि प्रयोग नगर्ने ।

(ज) बैंकको स्पष्ट लिखित अनुमति नलीइ सवारी साधन वा त्यसमा निहित कुनै हित वा उत्पादनमा रहेको कुनै भाग वा अंग नहटाउने, विक्री वा हस्तान्तरण नगर्ने, धितो बन्धकी नराख्ने, त्यसमा कुनै भार सिर्जना नगर्ने वा अन्य कुनै पनि व्यहोराले बेचविखन नगर्ने ।

(झ) सवारी साधनको सम्बन्धमा भुक्तानी दिनुपर्ने सबै दर्ता शुल्क, दस्तुर र कर तथा अन्य खर्च वक्यौता र भुक्तानीयोग्य भएका वखत त्यस्तो शुल्क, दस्तुर, कर र खर्च बैंकको नाममा र तर्फबाट बुझाउने, र यस्ता सबै भुक्तानीका सम्बन्धमा बैंकलाई दायित्वभारबाट मुक्त राख्ने । माग भएका वखत त्यस्ता सबै भुक्तानीका पछिल्ला भरपाईहरु बैंक समक्ष पेश गर्ने र ग्राहकले त्यस्तो भुक्तानी गर्न नसकेको अवस्थामा बैंकले त्यस्ता सबै भुक्तानी दिई त्यसरी भुक्तानी दिएको रकम तुरुन्त ग्राहकबाट असुलउपर गर्न सक्ने छ ।

(ञ) सवारी साधनको बीमा गराई बैकरको प्रावधान अन्तरगत बैकको पक्षमा रित पूर्वक पृष्ठाङ्कन (endorsed) गरिएको सक्कल बीमालेख एवं भुक्तानीको भरपाई समेत कर्जा प्रवाह गर्नु अगावै र नवीकरणको हकमा बीमालेखको म्याद समाप्त हुनु भन्दा कम्तीमा सात दिन अगावै बैंकमा पेश गर्ने । ग्राहकले कर्जा प्रवाह गर्नु अगावै र नवीकरणको हकमा बीमालेखको म्याद समाप्त हुनु भन्दा कम्तीमा सात दिन अगावै बीमालेख एवं भुक्तानीको भरपाईका सक्कल प्रतिहरु बैंकमा पेश गर्न नसकेमा ग्राहकको तर्फबाट सवारी साधनको बीमा किस्ता (प्रिमियम) भुक्तानी दिन ग्राहकको खाता डेविट गर्न बैंकलाई अख्तियारी दिने ।

(ट) ग्राहकले सक्कल बीमालेख(हरु) र नवीकारणको हकमा, नवीकरणको लागि भुक्तानीयोग्य हुदाका वखत बीमालेख वा लेखहरु अन्तर्गत बीमा नवीकरण भुक्तानीका भरपाईहरु पेश गर्ने । ग्राहकले सवारी साधनको र/वा सुरक्षणको भागको रुपमा रहेको समपत्तिको बीमा गराउन नसकेमा सवारी साधनको र/वा सुरक्षणको भगको रुपमा रहेको सम्पत्तिको सम्पूर्ण दावी विरुद्धको बीमा गराउने र त्यसरी बीमा गराउँदा लागेको सम्पूर्ण खर्च र शुल्क ग्राहकबाट तत्कालै असुलउपर गर्ने अधिकार बैंकलाई हुनेछ । यस्तो अवस्थामा वक्यौता रकममा प्रति महिना २.५ प्रतिशतका दरले हर्जाना ब्याज लाग्ने छ ।

२९. सावरी साधन र/वा सुरक्षणको भगको रुपमा रहेको सम्पति ग्राहकले कुनै साहू(हरु) लाई तिर्न, बुझाउन बाँकी वक्यौताको सम्बन्धमा कुनै पनि लियन, चार्ज वा दाविको अधिनमा रहने छैन ।

३०. सवारी साधनको सुरक्षणको प्रयोजनको लागि सावरी साधन र/वा सुरक्षणको भागको रुपमा रहेको सम्पतिहरुलाई बैंकले कुनै पनि लियन, चार्ज वा दावीको अधिनमा राख्न सक्ने कुरा ग्राहकले सम्पुष्टि गर्दछ ।

३१. सावरी साधन हराएमा, चोरी भएमा, हानी नोक्सानी वा नष्ट भएमा, ग्राहकले सोको सूचना बैंकलाई तुरुन्तै दिने छ र बैंकको मन्जूरी वेगर कुनै पनि दावीका सम्बन्धमा मिलापत्र गर्ने छैन । ग्राहकले कुनै वार्ता गर्न गराउन बैंकलाई अनुमति दिने छ र आफ्नै खर्चमा बैंकले निर्देशन दिए बमोजिमका काम कारवाही गर्ने छ । त्यसरी असुलउपर गरिएको समपूर्ण रकम बैंकको नासो (Trust) को रुपमा राख्ने छ ।

३२. यो सम्झौता ग्राहकको व्यक्तिगत सम्झौता हो र अधिकार र/वा दायित्वहरु अन्य कुनै पक्षलाई प्रत्यक्षवा अप्रत्यक्ष ढंगले हस्तान्तरण, नामसारी वा चार्ज गर्न सक्ने छैन । ग्राहकले यस सम्झौताका शर्त तथा कबुलियतहरुको परिपालना नगरेको कारणले उत्पन्न हुने कुनै पनि हानी वा नोक्सानी वापत बैंकलाई हर्जाना दिने वा दायित्वभारबाट मुक्त राख्नेछ ।

३३. बैंकको ब्याजदर परिवर्तन भएमा भुक्तानीको रकम हेरफेर गर्नसक्ने अधिकार बैंकलाई हुनेछ ।

३४. उल्लिखित कर्जा सुविधा विशेषका हकमा उल्लेख भएको प्रयोजन वाहेक अन्य कुनै पनि प्रयोजनको लागि यस लिखत अनुसार उपलब्ध गराउन मन्जुर गरिएको कर्जा सुविधा वा सोको कुनै अंश उपयोग नगर्ने ।

३५. बैंकबाट स्वीकृत रकमको भुक्तानी उत्पादनको उत्पादक/धनीलाई सिधै दिन सकिने छ र त्यसरी भुक्तानी दिइएकोमा ग्राहकलाई भुक्तानी दिईएको मानिनेछ । सवारी साधनको हस्तान्तरण (डेलिभरी) मा विलम्ब हुन गएको अवस्थामा किस्ता रकम भुक्तानी दिन समेत ग्राहकले मन्जुर गर्दछ । डेलिभरीमा हुन गएको विलम्बको लागि ग्राहकले बैंकलाई जिम्मेवार बनाउने छैन ।

३६. आफ्नै भाषामा यो सम्झौता पढी वाची सुनि पाएको र यस सम्झौताको बारेमा बताईएको, यो सम्झौता पूर्णरुपले बुझेको र आफ्नो स्वतन्त्र सहमति रमन्जुरीले यो सम्झौतामा हस्ताक्षर गरेको कुरा ग्राहकले पुष्टि गर्दछ ।

३७. ग्राहकले बैंकसंग थप अनुवन्ध गर्दछ कि :

(क) कर्जा सुविधा उपयोगसंग आनुसांगिक सम्पूर्ण खर्चहरु ग्राहकले तिर्ने, बुझाउने छ ।

(ख) ग्राहकले सदैब वातावरण र सामाजिक/श्रम कानून र नियमहरुको परिपालना गर्ने छ ।

(ग) कर्जा सम्बन्धी जानकारी तथा कालोसूचीका सम्बन्धमा नेपाल राष्ट्र बैंकले समय समयमा जारी गरेको निर्देशिका/परिपत्रमा उल्लेख भए बमोजिमका अवस्थाहरु विद्यमान भएको खण्डमा आवश्यक भए अनुसार कर्जा सूचना केन्द्रको कालोसूचिमा समावेश हुन ऋणी मन्जुर गर्दछ साथै जमानतकर्जा समेत सो अवस्थामा कालोसूचीमा समावेश हुने मञ्जुर गर्दछु ।

(घ) नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशिका अनुसार तथा आवश्यक भएको अवस्थामा बैंकले उपयुक्त देखे अनुसार कर्जा प्रवाह गर्दा कर्जा सूचना केन्द्र लिमिटेड र अन्य वित्तीय संस्थाहरुबाट लिईएको सन्तोषजनक कर्जा सूचनाको अधिनमा रहि कर्जा प्रवाह गरिने छ ।

(ङ) कर्जा प्रवाह गरेको मितिदेखि सो महिनाको अन्त्यसम्मको अवधिको पाकेको ब्याज पूँजीकृत गरिने र कर्जा अवधिको तमाम अवधिभर चुक्ता गरिने छ ।

३८. देहायका घटनाहरुमध्ये कुनै पनि घटना (यस पछि उल्लंघनको घटना भनिएको) घटेमा, त्यस्तो प्रत्येक घटना घट्दा वा घटि सकेपछिको कुनै पनि समयमा सम्पूर्ण कर्जा वा वक्यौता कर्जाको बाँकी रकम एवं ब्याज र

यस कर्जा सुविधाका शर्तहरु अन्तर्गत वक्यौता रहेका अन्य सबै रकम कुनै पनि किसिमको बैंकको लेना रकम, माग, दावी, विरोध वा सूचना विना ग्राहकले बैंकलाई तत्काले भुक्तानी गर्नुपर्ने वक्यौता रकम हुनेछ । ग्राहकले यसै लिखतद्वारा त्यस्ता बैंकको लेना रकम, माग, दावी, विरोध वा सूचना परित्याग गरेको छ । त्यस्तो अवस्थामा बैंकले उल्लंघनको घटनाको मितिदेखि यस लिखतमा उल्लिखित दरले वा आफ्नो पूर्ण स्वविवेकमा उपयुक्त देखेको अन्य ब्याजको दरले ब्याज असुलउपर गर्न समेत सक्ने छ ।

उल्लंघनको घटना घटेमा बैंकले सुरक्षणबाट असुलउपर गर्न पनि सक्ने छ र खासगरी आफ्नो अधिकृत, प्रतिनिधि र/वा अन्य कुनै पनि व्यक्ति मार्फत सुरक्षण आफ्नो कब्जामा लिने, सो सुरक्षण लिलाम विक्रि गर्ने र त्यस्तो विक्रिबाट प्राप्त रकम यस लिखत अन्तर्गतको कर्जा, दायित्व एवं ब्याज, खर्च, शुल्क र खर्चहरु घटाउन (असुलउपर गर्न) उपयोग गर्ने अधिकार पनि बैंकलाई हुने छ ।

(क) यो कर्जा सुविधाको लागि गरिएको कुनै पनि कथन, घोषणा वा आश्वासन वा कर्जाको लागि गरिएको कुनै पनि पत्राचार वा आवेदन वा कर्जाको लागि आफुले दिएको आवेदनका सम्बन्धमा ग्राहकले पेश गरेको कुनै पनि वित्तीय विवरण, अनुमान वा तथ्याङ्क असत्य, गलत वा सारभूत रुपले भ्रामक रहेको प्रमाणित भएमा ।

(ख) यो लिखतमा वा कर्जा रकम र ब्याज तथा तत्सम्बन्धी चार्ज त्यसमा लागेको शुल्क र खर्चको भुक्तानी गर्न हित वा भार (चार्ज) सिर्जना गर्ने कुनै पनि लिखतमा उल्लेख भएका ग्राहकको तर्फबाट परिपालना वा पुरा गर्नुपर्ने कुनै पनि अनुबन्ध र/वा कबुलियत परिपालना वा सम्पादन गर्न ग्राहक असक्षम वा असमर्थ भएमा ।

(ग) ग्राहकले आफ्नो व्यावसाय वा मूलभूत रुपले व्यावसाय संचालन गर्न छाडेमा वा संचालन नगर्ने निर्णय गरेमा व्यावसायको नियमित क्रममा वाहेक आफ्नो सम्पूर्ण जिम्मेवारी (अण्डरटेकिंग) वा सोको मूलभूत हिस्सा वा सम्पूर्ण सम्पत्ति बेचविखन गरेमा ।

(घ) बैंकको स्वीकृति वेगर सवारी साधन मुलुक वाहिर लैजाँदा उपयुक्त अधिकारीको स्वीकृति नलिई मुलुक बाहिर लगेमा ।

(ङ) कुनै पनि कारणले गर्दा मर्मत सम्भार हुन नसक्ने गरी सवारी साधन नष्ट भएमा ।

(च) कुनै पनि समयमा गैर कानूनी वा कानून विपरितको प्रयोजनको लागि सवारी साधनको प्रयोग गरिएकोमा ।

(छ) कानूनी निकाय/अधिकारीको आदेशले ग्राहकको सम्पतिको कुनै भाग जायजात गरिएमा वा तत्सम्बन्धी कार्यान्वयनको आदेश जारी भएमा ।

(ज) ग्राहकको सम्पूर्ण जायजेथा वा व्यवसाय वा सोको कुनै भाग जफत वा कब्जा भएमा वा कुनै सरकारी वा अन्य अधिकार कानूनी निकाय वा अन्य पक्ष वा कुनै व्यक्ति, निकाय वा संस्थाले ऋणीको व्यावसाय वा पेशा खारेज वा निलम्बन गर्ने कारवाही चलाएमा ।

(झ) ग्राहकले सुरक्षणमा दिन मन्जुर गगिएको जायजेथा/सम्पति वा सोको कुनै भाग प्रापक/लिक्वीडेटरलाई हस्तान्तरण गरिने वा गर्न सकिने कुनै पनि कारवाही गरेमा वा गर्न अनुमति दिएमा वा ग्राहकले वा कानून बमोजिमको कुनै निकायले प्रायक/लिक्वीडेटर नियुक्त गरेमा ।

(ञ) कर्जा चुक्ता गर्न ग्राहक असमर्थ भएमा ।

(ट) साँवा र/वा ब्याजको कुनै पनि किस्ता चुक्ता गर्न वा वक्यौता र भुक्तानीयोग्य भएको अवस्थामा वा बैंक तथा ग्राहक बीचको आपसी सहमतिबाट हेरफेर वा संशोधन भए बमोजिम वक्यौता र भुक्तानीयोग्य भएको अवस्थामा साँवा र/वा ब्याजको कुनै किस्ता र बैंकलाई तिर्नु बुझाउनु पर्ने अन्य कुनै रकम ग्राहकले भुक्तानी नगरेमा वा साँवा र/वा ब्याजको त्यस्तो किस्ता वापतको भुक्तानी गर्नु पर्ने (डेविट) रकम भुक्तानी दिन ऋणीको चल्ती खातामा पर्याप्त क्रेडिट मौज्दात ग्राहकले उपलब्ध गराउन नसकेमा ।

(ठ) त्यस्तो कुनै असाधरण परिस्थिति उत्पन्न भएमा, जसले बैंकको विचारमा ग्राहकलाई यस सम्झौता अन्तर्गत आफ्नो दायित्व पूरा गर्न असंभव बनाउँदछ । यस सम्बन्धमा बैकको विचार पूर्ण,अन्तिम र ग्राहकको लागि वाध्यात्मक हुनेछ ।

(ड) ग्राहले यस लिखतमा उल्लेख भएको कर्जा सुविधा र/वा यस कर्जा सुविधाको अतिरिक्त अन्य कर्जा सुविधा र/वा ऋण लिएको र त्यस्तो अन्य कर्जा सुविधा र/वा ऋणका सम्बन्धमा ग्राहकले कुनै शर्त उल्लंघन गरेमा त्यस्तो शर्त उल्लंघनको घटनालाई यस लिखत अन्तर्गत लिईएको कर्जा सुविधा र/वा ऋणका सम्बन्धमा पनि शर्त उल्लंघन गरेको मानिने छ र यस्तो अवस्थामा यस लिखत अन्तर्गत लिईएको कर्जा सुविधा र/वा ऋण रद्द गर्ने र तत्कालै वक्यौता र भुक्तानीयोग्य भएको घोषण गर्ने पूर्ण अधिकार बैंकमा रहने छ ।

३९. कर्जाको पूर्ण वा आंशिक अग्रिम भुक्तानी वा अन्य बैंकमा कर्जा स्थानान्तरण गरिएको कुनै पनि रकममा यस बैंकको वेभ साइट https://av.sc.com/np/others/np-retail-schedule-charges.xlsx मा रहेको बैंकको शुल्कको तालिकामा उल्लेखित दर वा नेपाल राष्ट्र बैंकले तोकेको दरले अग्रिम भुक्तानी शुल्क लाग्ने छ । आंशिक अग्रिम भुक्तानी तमाम कर्जा अवधिमा अधिकतम तीन पटक र न्यूनतम रकम रु १,००,०००/- हुने गरी मात्रै आंशिक अग्रिम भुक्तानी गर्न सकिने छ । अंग्रिम भुक्तानी दिएको रकम कुनै पनि अवस्थामा फिर्ता लिन पाइने छैन ।

४०. बैकबाट सम्पूर्ण बाँकी कर्जा रकम भुक्तानी/निकारा दिईएको मितिले १५ दिन भित्र सवारी साधनको स्वमित्व आफ्नो नाममा हस्तान्तरण गर्न ग्राहक मन्जुर गर्दछ । सो सवारी साधन ग्राहकको नाममा हस्तान्तरण भएको वा नभएको जे भए तापनि बैंकले कर्जा उपलब्ध गराएको सवारी साधनसंग सम्बन्धित कुनै पनि दाविको सम्पूर्ण जोखिम र जिम्मेवारी आफुले लिन ग्राहकले यसै लिखतद्वारा मन्जुरी गरेको छ ।

४१. कर्जा स्वीकृत भएर पनि सोको उपयोग कर्जा आवेदन मितिले ३१ (एकतीस) दिनसम्ममा नभएमा कर्जाको ब्याज, शर्त तथा बन्देजहरु बैंकले एकतर्फी फेरबदल गर्न वा कर्जा रद्ध गर्न सक्ने छ ।

४२. कर्जा आवेदन स्वीकृत भएर पनि कर्जा आवेदन गरेको मितिले ३१ (एकतीस) दिनसम्म कर्जा उपयोग नगरेमा बैंकले सेवा शुल्क बराबर प्रतिबद्धता शुल्क लगाउन सक्नेछ । उक्त प्रतिबद्धता शुल्क सेवा शुल्क (Loan processing Fee) बाट असुल गरिनेछ ।

आवेदकहरुको नाम:

हस्ताक्षर:

मिति: